नगर गान तयार गर्ने सम्बन्धी सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३।०४।२१

प्रस्तुत विषयमा यस हेटौँडा उपमहानगरपालिकाको नगर सभाबाट स्वीकृत वार्षिक कार्यक्रम तथा नगर कार्यपालिकाको मिति २०८३/०४/२० गतेको निर्णय अनुसार हेटौँडा उपमहानगरपालिकाको सामाजिक, सांस्कृतिक, भौगोलिक, धार्मिक, ऐतिहासिक तथा औद्योगिक पहिचान र मौलिक विशेषता झल्कने गरी उत्कृष्ट **"नगर गान"** (**Municipal Anthem**) तयार गर्नुपर्ने भएको छ। तसर्थ देहायका सर्त र मापदण्डको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बद्ध स्रष्टा, रचनाकार तथा इच्छुक नेपाली नागरिकहरूबाट सिलबन्दी नगर गानको रचना पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

सर्त तथा मापदण्डहरू:

१. **पहिचान र विषयवस्तु:** हेटौँडा नगरको सामाजिक, आर्थिक, भौगोलिक, धार्मिक, ऐतिहासिक, औद्योगिक, वातावरणीय पहिचान तथा पुरातात्विक मौलिक विशेषता झल्कने गरी नगर गान तयार गर्नुपर्नेछ।

२. **शब्द सीमा:** एक स्थायी र दुई अन्तराको हुनुपर्नेछ साथै बढिमा (२:००) दुई मिनेट अवधीको हुनुपर्नेछ।

३. **मौलिकताको सुनिश्चितता:** रचना पूर्ण रूपमा मौलिक र अप्रकाशित हुनुपर्नेछ। अन्य कुनै व्यक्ति वा संस्थाको रचनासँग हुबहु वा आंशिक रूपमा मिलेको पाइएमा वा प्रतिलिपि अधिकार उलङ्घन भएको प्रमाणित भएमा उक्त रचना स्वतः रद्द हुनेछ।

४. **पुरस्कार तथा सम्मान:** मूल्याङ्कन समितिबाट उत्कृष्ट ठहरिएको सर्वोत्कृष्ट नगर गानका रचनाकारलाई हेटौँडा उपमहानगरपालिकाको नियमानुसार उचित नगद पुरस्कार प्रदान गरिनेछ।

५. **मूल्याङ्कन प्रक्रिया:** प्राप्त गानहरूको मूल्याङ्कन हेटौँडा उपमहानगरपालिकाद्वारा स्वीकृत कार्यविधि बमोजिमको समितिले गर्नेछ।

६. **स्वामित्व तथा अधिकार:** छनोट भएको नगर गानको सम्पूर्ण प्रतिलिपि अधिकार (Copyright) तथा सर्वाधिकार हेटौँडा उपमहानगरपालिकामा निहित रहनेछ। उपमहानगरपालिकाले आवश्यकता अनुसार गानमा शब्द परिमार्जन वा सङ्गीत संयोजन गर्न सक्नेछ।

७. यस सम्बन्धी अन्य थप व्यवस्था हेटौँडा उपमहानगरपालिका पर्यटन वर्ष २०८३ को लोगो तथा नगर गान निर्माण सम्बन्धी कार्यविधि, २०८३ बमोजिम हुनेछ।

<u>पेश गर्ने प्रक्रिया र आवश्यक कागजातहरू</u> :

क) प्रस्तावित नगर गान नेपाली भाषा र देवनागरी लिपिमा स्पष्ट टाइपिङ गरी सिलबन्दी खाममा पेश गर्नुपर्नेछ।

ख) खामको बाहिर स्पष्ट रूपमा **'नगर गान रचना प्रस्ताव'** भनी उल्लेख गरेको हुनुपर्नेछ।

ग) रचनासँगै स्रष्टाको नेपाली नागरिकताको प्रतिलिपि, हालसालै खिचिएको पासपोर्ट साइजको फोटो १ प्रति तथा सम्पर्क फोन नम्बर/इमेल विवरण संलग्न हुनुपर्नेछ।

घ) प्रस्ताव सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (कार्यालय समयभित्र) यस उपमहानगरपालिकाको सामान्य प्रशासन शाखामा दर्ता गराउनुपर्नेछ। (अन्तिम दिन सार्वजनिक बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन पेश गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

हेटौँडा उपमहानगरपालिका